विद्यालय कोड नं. : ०७०१५००२७"विद्याधनम् सर्व धनम् प्रधानम्" ☎ : ०२६५२२०६८, ०२६५९००६८

# गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय

*Gokundeshwar Balmandir Secondary School*

कोशी प्रदेश, धनकुटा-५, धनकुटा, नेपाल

(*Koshi Province, Dhankuta-5, Dhankuta, Nepal*)

स्थापित : १९८९ वि.सं. (*Estd. 1989 B.S.*)

पत्र संख्या : ०८२/०८३

चलानी नं. : 326

मिति :२०८३/०३/३२

## विषय : सूचना प्रकाशन गरिदिनु हुन वारे ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनकुटा ।

प्रस्तुत विषयमा यस विद्यालयले मिति २०८३/०३/३२, च.नं. ३२६ को शिक्षक सरुवा सम्बन्धी सूचना प्रकाशन गरेकोमा शिक्षा नियमावली २०५९, शिक्षा (दशौं संशोधन नियमावली, २०८३) को नियम ९९ उपनियम ७ अनुसार तहाँ कार्यालयको वेवसाईटबाट पनि उक्त सूचना प्रकाशन गरिदिनु हुन अनुरोध छ ।

२०८३/०३/३२

(दामोदर प्रसाद मिश्र)

प्रधानाध्यापक

प्रधानाध्यापक
गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय
धनकुटा-५, धनकुटा, नेपाल

२०८३/८/३२

Email : gokundeshwar.balmandir@gmail.com PAN No. : 201257001 Facebook Link : GokundeshwarBalmandirSanjal

विद्यालय कोड नं. : ०७०१५००२७"विद्याधनम् सर्व धनम् प्रधानम्" ☎ : ०२६५२२०६८, ०२६५९००६८

# गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय

*Gokundeshwar Balmandir Secondary School*

कोशी प्रदेश, धनकुटा-५, धनकुटा, नेपाल

*(Koshi Province, Dhankuta-5, Dhankuta, Nepal)*

स्थापित : १९८९ वि.सं. *(Estd. 1989 B.S.)*

पत्र संख्या : ०८२/०८३

मिति :२०८३/०३/३२

चलानी नं. : ३२६

## विषय - शिक्षक सरुवा सम्बन्धी अत्यन्त जरुरी सूचना

यस गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय, धनकुटा-५ को विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०३/३० को बैठकको निर्णय, धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०८३/०३/३२ को च.नं. २४३२ को सिफारिस तथा शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको मिति २०८३/०३/३२ को च.नं. ९६५ को पत्रानुसार शिक्षा नियमावली २०५९, शिक्षा (दशौं संशोधन) नियमावली २०८३ को नियम ९९ बमोजिम यस विद्यालयमा शिक्षा नियमावली २०५९ को नियम १३१ अनुसार रिक्त माध्यमिक तहको स्वीकृत स्थायी दरबन्दीमा सरुवा प्रक्रियाद्वारा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक **स्थायी शिक्षक**हरूबाट यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** (कार्यालय समयभित्र) रीतपूर्वकको आवेदन आह्वान गरिन्छ ।

**१. पद :** माध्यमिक शिक्षक

**२. विषय :** विज्ञान (Science)

**३. दरबन्दी प्रकार :** स्वीकृत स्थायी दरबन्दी

**४. आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह (B.Sc.) वा सो सरह उत्तीर्ण गरी माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र (License) प्राप्त गरेको ।

**५. प्राथमिकता (उच्च योग्यता) :**

- **पहिलो प्राथमिकता :** भौतिक विज्ञान (M.Sc. Physics)
- **दोस्रो प्राथमिकता :** रसायन विज्ञान (M.Sc. Chemistry)

**६. आवश्यक कागजातहरू :**

- रीतपूर्वकको निवेदन र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरू (उच्च योग्यतालाई विशेष प्राथमिकता दिइनेछ) ।
- माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
- स्थायी नियुक्ति पत्र र बहाल रहेको विद्यालयमा हाजिर भएको पत्रकोको प्रतिलिपि ।
- शिक्षण अनुभवको सम्बन्धित शिक्षण संस्थाले उपलब्ध गराएको आधिकारी पत्र।
- शिक्षक पेशागत विकास तालिम पुरा गरको प्रमाण पत्रको प्रतिलिपि वा प्रमाणको निस्सा ।
- नियम ९९ को उपनियम ९ अनुसार अनुसूची १७ बमोजिम आफू कार्यरत विद्यालयको वि.व्य.स. र सम्बन्धित स्थानीय तहको सहमति।

**७. आवेदन दिने अन्तिम मिति :** २०८३ साल साउन १५ गते कार्यालय समयभित्र (यदि उक्त दिन सार्वजनिक बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) ।

**८. सम्पर्क स्थान :** गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय, धनकुटा-५ ।

***थप जानकारीका लागि विद्यालयको प्रशासन शाखामा सिधैं वा विद्यालयको आधिकारिक फोन नम्बरमा सम्पर्क गर्न सकिनेछ ।***

०२६-५२२०६८ (विद्यालय समय भित्र मात्र)

दामोदर प्रसाद मिश्र (९८४२०६१६३१)

प्रधानाध्यापक

गोकुण्डेश्वर बालमन्दिर माध्यमिक विद्यालय, धनकुटा-५